# मिति २०७७ साल माघ ०७ गतेका दिन लिखु गाउँ कार्यपालिकाको बैठकको निर्णय

**प्रस्तावित विषयहरुः-**

१. समिक्षा सम्बन्धमा।
२. पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रम प्रस्ताव सम्बन्धमा।
३. कृषि सम्बन्धी सशर्त कार्यक्रम सम्बन्धमा।
४. नियमावली तथा कार्यविधि पारित सम्बन्धमा।
५. मतदान स्थल सम्बन्धमा।
६. निर्वाचन सहायक नाम दर्ता अधिकारी सम्बन्धमा।
७. गाउँ सभाको हिउँदे अधिवेशन सम्बन्धमा।
८. रकमान्तर सम्बन्धमा।
९. प्रादेशिक तथा स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम सम्बन्धमा।
१०.खेल मैदानका लागि जग्गा खरिद सम्बन्धमा।
११. लागत साझेदारीमा स्थानीय कृषि पूर्वाधार विकास कार्यक्रम सम्बन्धमा।
१२.प्रशासकीय भवन जग्गा खरिद सम्बन्धमा।
१३.विद्युत प्राधिकरण जानकारी माग गर्ने सम्बन्धमा।
१४.विविध सम्बन्धमा।

**निर्णयहरुः-**

**१. निर्णय नं. १,** प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा यस लिखु गाउँपालिकाको विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमशः प्रभावकारी रुपमा कार्यान्वयन भईरहेको अवस्थामा अझ यसलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गर्न सरोकारवाला पक्षहरु बीचमा समन्वय गरी अगाडि बढ्ने सर्वसम्मतबाट निर्णय गरियो।

**२. निर्णय नं. २**, प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रमका लागि पोकली झरना विकास DPR कार्यान्वयन अन्तरगत सो क्षेत्रमा पिक्निक स्पट निर्माणका लागि सस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालयलाई प्रस्ताव गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

३. **निर्णय नं. ३**, प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा आगामि आर्थिक वर्ष २०७८/७९ मा कृषि सम्बन्धी शसर्त अनुदानमा लागत सहभागिताको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा प्रस्ताव पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो । पेश गर्ने योजनाहरु यसै निर्णय साथ संलग्न छन् ।

४. **निर्णय नं. ४**, प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा गाउँ कार्यपालिकाको विधेयक समितिबाट मिति २०७७/९/१६ गतेको कार्यपालिका बैठकमा पेश तथा प्रस्तुत भएका तपसील बमोजिमका नियमावली तथा कार्यविधिहरु देहाय बमोजिम स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

| सि.नं. | विवरण | पारित विधि | कैफियत |
|---|---|---|---|
| १. | आर्थिक सहायता नियमावली, २०७७ | सर्वसम्मत | |
| २. | स्थानीय हाट बजार व्यवस्थापन तथा संचालन कार्यविधि, २०७७ | सर्वसम्मत | |

५. **निर्णय नं. ५**, प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा जिल्ला निर्वाचन कार्यालय, ओखलढुंगाको च. नं. ५७ मिति २०७७/१०/०२ गतेको प्राप्त पत्रानुसार गाउँपालिका अन्तरगत रहेका निर्वाचन स्थलहरुको विवरण संशोधन गर्नु पर्ने अवस्थामा संशोधन गरी पठाउने व्यहोरा अनुरोध भएको हुँदा देहाय बमोजिम संशोधन गरी पठाउने सर्वसम्मतबाट निर्णय गरियो ।

अब कायम हुने अन्तिम मतदानस्थल तथा मतदान केन्द्र, मतदान स्थलको भौगोलिक अवस्थिति र दूरी सम्बन्धी विवरण

| सि.नं. | साविकको मतदान स्थलको नाम र ठेगाना | गा.पा. वा न.पा. को केन्द्र रहेको वडा नं. | जिल्ला सदरमुकाम देखि गा.पा. वा न.पा. को केन्द्रसम्मको दुरी | | अब कायम हुने मतदानस्थल | | गाउँपालिका वा नगरपालिकाको केन्द्र देखि मतदानस्थल सम्मको दुरी | | साविक मतदान स्थलमा संशोधन भएको भए सो सम्बन्धी विवरण |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | सडक मार्ग (कि.मी.) | पैदल मार्ग (कोष) | वडा नं. | त्रुटी सच्याए पछि कायम हुने मतदान स्थलको नाम र ठेगाना | सडक मार्ग (कि.मी.) | पैदल मार्ग (कोष) | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| १ | च्युरीडांडा मा.वि. च्युरीडांडा | ४ | ८७ कि.मि | - | १ | च्युरीडांडा मा.वि., च्युरीडांडा | १६ कि.मि. | - | - |
| २ | ज्ञान ज्योति मा.वि. कुवापानी | ४ | ८२ कि.मि. | - | २ | ज्ञान ज्योति मा.वि., हुलाकचौर | १३ कि.मि. | - | ठेगाना थप |
| ३ | भिमसेनस्थान मा.वि. | ४ | ८७ कि.मि | - | ३ | भिमसेनस्थान मा.वि., नर्मदेश्वर | ५ कि.मि. | - | ठेगाना थप |
| ४ | बाङ्गेपिपल सामुदायिक भवन | ४ | ९२ कि.मि. | - | ४ | बाङ्गेपिपल सामुदायिक भवन, बाङ्गेपिपल | १ कि.मि. | - | ठेगाना थप |
| ५ | वडडाँडा आ.वि. | ४ | ९५ कि.मि. | - | ५ | वडडाँडा आ.वि., वडडाँडा | ३ कि.मि. | - | ठेगाना थप |
| ६ | ग्रामोदय युगकवि सिध्दिचरण मा.वि. गाम्नाङटार | ४ | १०० कि.मि. | - | ६ | ग्रामोदय युगकवि सिध्दिचरण मा.वि. गाम्नाङटार | ८ कि.मि. | - | - |
| ७ | ग्राम विकास आधारभूत विद्यालय | ४ | १०३ कि.मि. | - | ७ | वडा कार्यालय भवन, साउने चौतारा | ११ कि.मि. | - | स्थान परिवर्तन |
| ८ | गा.वि.स. भवन | ४ | १११ कि.मि. | - | ८ | वडा कार्यालय भवन, केरावारी | २० कि.मि. | - | स्थान परिवर्तन |
| ९ | जनजीवन मा.वि. वाच्पु | ४ | ११४ कि.मि. | - | ९ | जनजीवन मा.वि. वाच्पु | २३ कि.मि. | - | - |
| | | | | | ९ | लाम्रांग आधारभुत विद्यालय, लाम्रांग | २६ कि.मि. | - | नयाँ थप |

६. **निर्णय नं. ६**, प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा जिल्ला निर्वाचन कार्यालय, ओखलढुंगाको च. नं. ६० मिति २०७७/१०/०२ गतेको प्राप्त पत्रानुसार मतदाता नामावली अद्यावधिक (दावि बिरोध समेत) कार्यक्रम, २०७७ बमोजिम मतदाता अद्यावधिक सञ्चालन गरी अन्तिम मतदाता नामावली प्रकाशन गर्ने प्रयोजनका लागि हरेक स्थानीय तहबाट एकजना सहायक नाम दर्ता अधिकारी तोकी पठाउनु पर्ने व्यवस्था अनुसार यस कार्यालयमा कार्यरत प्रशासन सहायक पाँचौ श्री दिल कुमार श्रेष्ठलाई सहायक नाम दर्ता अधिकारी रुपमा कार्य गर्ने सिफारीस गरी पठाउने सर्वसम्मतबाट निर्णय गरियो।

७. **निर्णय नं. ७**, प्रस्ताव नं. ७ माथि आवश्यक छलफल गर्दा हिउँदे गाउँ सभाको अधिवेशन २०७७ साल माघ महिनाको २७ गते देखि सञ्चालनका लागि आव्हान गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

८. **निर्णय नं. ८**, प्रस्ताव नं. ८ माथि आवश्यक छलफल गर्दा आर्थिक वर्ष २०७७/७८ का लागि स्वीकृत बजेट तथा कार्यक्रमहरु रकमान्तर, शिर्षकान्तर तथा श्रोतान्तर गर्नु पर्ने भएमा वडा समिति तथा सम्बन्धित समितिबाट निर्णय गराई आउदो कार्यपालिकाको बैठकमा पेश, छलफल तथा सभाबाट स्वीकृतिको लागि अनुमोदन गर्नको लागि योजनाहरुको विवरण पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

९. **निर्णय नं. ९**, प्रस्ताव नं. ९ माथि आवश्यक छलफल गर्दा प्रादेशिक तथा स्थानीय सडक निर्माण तथा सुधार कार्यका लागि विचारी आहाल कुटिडाँडा सडक योजना कार्यान्वयनका लागि सम्बन्धीत कार्यालयमा प्रस्ताव पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

१०. **निर्णय नं. १०**, प्रस्ताव नं. १० माथि आवश्यक छलफल गर्दा गाउँ कार्यपालिकाको कार्यालयको मिति २०७७/१०/०६ गतेको निर्णयानुसार भगवति खत्री, धन कुमारी कार्की र समिक्षा थापाबाट जम्मा ४-१०-१-३ क्षेत्रफल जग्गा पालिका स्तरीय खेल मैदान निर्माण प्रयोजनको लागि खरिद गरिएकोमा सो निर्णयलाई अनुमोदन गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

११. **निर्णय नं. ११**, प्रस्ताव नं. ११ माथि आवश्यक छलफल गर्दा लागत साझेदारीमा कृषि उपज संकलन केन्द्र तथा बजार पूर्वाधार निर्माण अन्तरगत कृषि उपज संकलन केन्द्र देहायका स्थानमा निर्माण गर्ने र सो कार्यका लागि सम्बन्धित निकाय सँग समन्वयको लागि कृषि विकास समितिलाई र आवश्यक जग्गाको व्यवस्थापनको लागि सम्बन्धीत वडा समितिलाई जिम्मेवारी दिने सर्वसम्मतबाट निर्णय गरियो।

क) साविक पोकलि गा.वि.स. (हाल लिखु, वडा नं. ९)

ख) साविक गाम्नांटार गा.वि.स. (हाल लिखु, वडा नं. ६ र ७)

ग) साविक नर्मदेश्वर गा.वि.स. (हाल लिखु, वडा नं. ३)

घ) साविक सिंहदेवि गा.वि.स. (हाल लिखु, वडा नं. १ र २)

१२.**निर्णय नं. १२**, प्रस्ताव नं. १२ माथि आवश्यक छलफल गर्दा गाउँपालिका प्रशासकीय भवन निर्माणका लागि थप आवश्यक साविक यसम ७ नं. वडामा अवस्थित कित्ता नं. ६४७ को ०-८-०-० क्षेत्रफल जग्गा मन्जु श्रेष्ठबाट प्रति रोपनि २,०००,००|०० का दरले खरिद गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

१३.**निर्णय नं. १३**, प्रस्ताव नं. १३ माथि आवश्यक छलफल गर्दा आर्थिक वर्ष ०७४/७५, ०७५/७६ र ०७६/७७ को विद्युत प्राधिकरणबाट लिखु गाउँपालिकामा सञ्चालन भएका कार्यक्रम, बजेट तथा क्रियाकलापहरुको सम्पूर्ण विवरण सम्बन्धीत निकाय सँग माग गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

१४.**निर्णय नं. १४**, प्रस्ताव नं. १४ माथि आवश्यक छलफल गर्दा कार्यपालिकाको बैठक आवश्यकता अनुसार बस्ने सर्वसम्मतबाट निर्णय गरियो।